# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, फागुन ८ गते २०५३ साल (अतिरिक्ताङ्क ५८

## भाग ३

### निर्वाचन आयोगको सूचना

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को प्रयोजनको लागि निर्वाचन आयोगले यो सूचना प्रकाशित गरेको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ बमोजिम निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक सङ्गठन वा दलले निर्वाचन आयोगद्वारा निर्धारित कार्यविधि अनुसार सो आयोगको कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्ने व्यवस्था भएको हुनाले नेपाल अधिराज्यको स्थानीय निकायहरू (गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति) को सदस्यको लागि हुने आगामी निर्वाचनको सन्दर्भमा यस आयोगबाट निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त गर्न चाहने राजनैतिक सङ्गठन वा दलले आफ्नो नाम दर्ता गराउन देहाय बमोजिमको रीत पुऱ्याई यस आयोगको कार्यालय, कान्तिपथ, काठमाडौंमा १५ (पन्ध्र) दिनभित्र अर्थात् २०५३।११।८ देखि मिति २०५३।११।२२ सम्ममा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

१. गाउँ विकास समिति ऐन, २०४८ को दफा ७, नगरपालिका ऐन, २०४८ को दफा ८ र जिल्ला विकास समिति ऐन, २०४८ को दफा ८ बमोजिम ती निकायहरूका वर्तमान सदस्यहरूको पदावधि समाप्त भै रिक्त हुने सदस्य पदहरूको आयोगले निर्वाचन सम्पन्न गर्ने गराउने भएको छ । निर्वाचनको प्रयोजनको लागि नेपाल अधिराज्यको संविधानको धारा ११३ को उपधारा (१) अनुसार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मान्यता प्राप्त गर्न चाहने २०५१ को आम निर्वाचनमा दर्ता भएका राजनैतिक सङ्गठन वा दलहरूबाहेक अन्य राजनैतिक सङ्गठन वा दलले यो सूचना बमोजिम निवेदन दिनु पर्नेछ । तर प्रतिनिधिसभा सदस्यको लागि भएको आम निर्वाचन २०५१ को प्रयोजनको लागि यस आयोगमा दर्ता भई राखेका राजनैतिक सङ्गठन वा दलले यो सूचना बमोजिम दर्ता गराउनु पर्ने छैन ।

२. यो सूचना बमोजिम दर्ता गराउन चाहने प्रत्येक राजनैतिक सङ्गठन वा दलले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) अनुसार अन्य कुराहरूको अतिरिक्त देहायका शर्तहरू पनि पूरा गर्नु पर्नेछ ।

(क) सङ्गठन वा दलको विधान वा नियम प्रजातान्त्रिक हुनु पर्छ ।

(ख) राजनैतिक सङ्गठन वा दलको विधान वा नियममा कम्तीमा पाँच वर्षको एक पटक सो सङ्गठन वा दलको पदाधिकारीहरूको निर्वाचन हुने स्पष्ट व्यवस्था भएको हुनु पर्छ ।

३. माथि क्रम संख्या १ बमोजिम दिइने निवेदनमा देहायका कुराहरू पनि खुलाउनु पर्नेछ ।

(क) राजनैतिक सङ्गठन वा दलको पूरा नाम ।

(ख) राजनैतिक सङ्गठन वा दलको केन्द्रीय समिति वा अन्य कुनै नामले सम्बोधित केन्द्रीय कार्यकारिणीका पदाधिकारीहरू तथा सदस्यहरूको नाम र ठेगाना ।

(ग) राजनैतिक सङ्गठन वा दलको केन्द्रीय कार्यालयको ठेगाना र फोन नम्बर ।

४. माथि क्रम संख्या १ बमोजिम दिइने निवेदनको साथमा निवेदन दिने राजनैतिक सङ्गठन वा दलको विधान, नियमावली, घोषणापत्र, चिन्ह (लोगो) र झण्डा समेत पेश गर्नु पर्नेछ ।

५. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त पूरा गरेका यो सूचना अनुसार निवेदन दिने राजनैतिक सङ्गठन वा दलहरूलाई निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त दलको रूपमा दर्ता गरिनेछ ।

६. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त पूरा गरेका राजनैतिक सङ्गठन वा दलका उम्मेदवारहरूलाई स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा २७ को उपदफा (२) बमोजिम निर्वाचन चिन्ह दिइने र सो बमोजिम शर्त पूरा नगरेका वा यो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचनाबमोजिम दर्ता भएका राजनैतिक सङ्गठन वा दलका उम्मेदवारहरूलाई सोही ऐनको दफा २७ को उपदफा (३) बमोजिम स्वतन्त्र उमेदवारहरूको निमित्त निर्धारण गरिएको निर्वाचन चिन्हहरूको समूहबाट आयोगले तोकि दिए अनुसारको निर्वाचन चिन्ह प्रदान गरिने छ ।

७. कुनै राजनैतिक सङ्गठन वा दल धर्म, सम्प्रदाय, जात,जाति वा क्षेत्रियताको आधारमा गठन भएको रहेछ भने नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११२ (३) अनुसार निर्वाचन आयोगले राजनैतिक सङ्गठन वा दलको रूपमा मान्यता दिने छैन ।

८. कुनै राजनैतिक सङ्गठन वा दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनैतिक सङ्गठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा धार्मिक, साम्प्रदायिक वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (३) बमोजिम निर्वाचन आयोगले त्यस्तो सङ्गठन वा दललाई दर्ता गर्ने छैन ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९२८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।